नेपाल सरकार

# सामान्य प्रशासन मन्त्रालय

## दरखास्त दस्तुर सम्बन्धी सूचना

निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० बमोजिम २०६८ साल श्रावण १ गते देखि प्रकाशित हुने विज्ञापनको हकमा लागू हुने गरी राजपत्रांकित प्रथम श्रेणी, राजपत्रांकित द्वितीय श्रेणी र राजपत्रांकित तृतीय श्रेणीको पदको लागि कार्यसम्पादन तथा अनुभवको मूल्यांकनद्वारा हुने बढुवाको लागि दरखास्त वापत तथा राजपत्र अनंकित प्रथम श्रेणीको पदको लागि कार्यक्षमताको मुल्यांकनद्वारा हुने बढुवा, कार्य सम्पादन तथा अनुभवको मूल्यांकनद्वारा हुने बढुवा तथा कार्य सम्पादन तथा अनुभवको मूल्यांकनद्वारा हुने बढुवाको समायोजनको लागि दारखास्त वापत देहाय बमोजिमको दरखास्त दस्तुर लिने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०६८।०३।२९ मा निर्णय भएकोले सोही बमोजिम गर्नु गराउनु हुन निजामती सेवा नियमावली, २०५० को नियम ७२ बमोजिमका सबै बढुवा समितिको सचिवालय र सरोकारवालको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | श्रेणी | दरखास्त दस्तुर |
|---|---|---|
| १. | राजपत्रांकित प्रथम श्रेणीको पदको लागि | रु. १,२५०।- |
| २. | राजपत्रांकित द्वितीय श्रेणीको पदको लागि | रु. १,०००।- |
| ३. | राजपत्रांकित तृतिय श्रेणीको पदको लागि | रु. ७००।- |
| ४. | राजपत्र अनंकित प्रथम श्रेणीको पदको लागि | रु. ४००।- |